# आदिवासी जनजाति आयोग

# Indigenous Nationalities Commission

अध्यक्ष

Chairperson

## प्रेस विज्ञप्ति

आदिवासी जनजाति समुदायले आफ्नो पहिचान र प्रतिनिधित्वको लागि गरेको संघर्ष र बलिदानद्धारा प्राप्त अधिकार कार्यान्वयनको अनुगमन र सिफारिसको लागि संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था गरिएको हो । संविधान र कानूनले प्रदान गरेको आदिवासी जनजाति समुदायको सामाजिक, आर्थिक र राजनीतिक हक अधिकार संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नु आयोगको मुख्य कार्य हो । आगामी फाल्गुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनबाट गठन हुने प्रतिनिधिसभामा आदिवासी जनजाति समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने सन्दर्भमा मिति २०८२।९।११ गते विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिसँग छलफलको आयोजना गरियो ।

राज्य व्यवस्था परिवर्तनका आन्दोलनमा अग्रपंक्तिमा बलिदान गर्ने आदिवासी जनजाति समुदाय राज्य परिवर्तनको प्रतिफल प्राप्त गर्न सधैं बञ्चित रहे । समावेशी राज्यव्यवस्था स्थापनाको २ दशकसम्म पनि संविधानसभा २०६४ बाहेक राज्यको नीति निर्माण र कार्यान्वयनको निकायमा आदिवासी जनजाति समुदायको समानुपातिक र सार्थक प्रतिनिधित्व नभएको आदिवासी जनजाति समुदायको गुनासो छ । बहुदलीय व्यवस्थामा सवैको प्रतिनिधित्व गराउने जिम्मेवारी राजनीतिक दलको हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि आदिवासी जनजातिको प्रतिनिधित्व संविधानसभा २०६४ र ७० मा क्रमशः ३६ र ३१.४१ प्रतिशत, प्रतिनिधिसभा २०७४ र २०७९ मा क्रमशः ३३.४५ र ३०.५४ प्रतिशत थियो । समावेशी सभाको अवधारणा बोकेको राष्ट्रियसभामा हाल १० प्रतिशत मात्र छ । प्रतिनिधिसभामा प्रत्यक्षमा टिकटमै समानुपातिक वितरण नगरिएको र समानुपातिक प्रणालीबाट पनि आफन्त र वरपरकालाई मात्रै प्राथमिकता दिएर सार्थक प्रतिनिधित्व नभएको गुनासो छ । सरकार द्धारा सूचीकृत ६० मध्ये संविधानसभा २०६४ मा ४० समुदायको प्रतिनिधित्व थियो तर विगतका २ वटा प्रतिनिधिसभामा करिव ४० समुदायको प्रतिनिधित्व भएन । यसर्थ राजनीतिक दलले निम्न व्यवस्था गर्न जरूरी भएको छलफलको निष्कर्ष छः-

१. प्रत्यक्षतर्फ उम्मेदवारीको लागि टिकट वितरणमा आदिवासी जनजातिलाई समानुपातिक वितरण गर्ने र प्रत्यक्षबाट आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व नभएमा समानुपातिक प्रणालीद्धारा आदिवासी जनजातिको पूर्ण समानुपातिक प्रतिनिधित्व गराउने,

२. एकपटक समानुपातिक र प्रत्यक्षतर्फ निर्वाचित व्यक्तिलाई पुनः समानुपातिक तर्फको उम्मेदवार नबनाउने, निर्वाचित नगराउने र,

३. आदिवासी जनजातिको प्रतिनिधित्व गराउँदा लोपोन्मुख, अति सिमान्तकृत, सिमान्तकृत, सुविधावञ्चित र उन्नत समूहका आदिवासी जनजाति समुदायलाई क्रमशः प्राथमिकता दिने ।

समाज विज्ञानको नियमानुसार समुदायले राज्यसत्ताबाट सधैं किनाराकृत रहेको महसुस गरे विद्रोह गर्दछ । घर जतिसुकै ठूलो र महंगो किन नहोस् तर अंशियारले आफू बस्ने कोठा नदेखे त्यसको अपनत्व लिदैंन । राज्य र जनताको दूरी बढ्यो भने राज्य व्यवस्था सुरक्षित रहन सक्दैन भन्ने उदाहरण हाम्रै इतिहासले देखाएको छ । यसको लागि सबै राजनीतिक दलहरूलाई गम्भीर हुन आयोग अनुरोध गर्दछ ।

रामबहादुर थापामगर
अध्यक्ष

१३ पौष २०८२, पुल्चोक, ललितपुर ।

पुल्चोक, ललितपुर, नेपाल, फोन: (+९७७) -१-५५२४७८८, ५५२४४२४, Email: inc.gov.np@gmail.com, Website: www.inc.gov.np